# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:- ११६५

मिति २०८०/१२/०७

विषयः बैठकको निर्णयहरु सार्वजनिक गरिएको बारे ।

प्रस्तुत विषयमा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को मिति २०८०/१०/२३, ११/१०, ११/२३ गतेको नगर कार्यपालिकाको बैठक र मिति २०८०/११/१४ गते भएको नगर सभाको पन्ध्रौं अधिवेशन बैठकका निर्णयहरुको संक्षिप्त व्यहोरा यसै साथ संलग्न गरी सार्वजनिक गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

पदमराज सेन ठकुरी
नगर प्रवक्ता

पदमराज सेन ठकुरी
नगर प्रवक्ता

नगर सभाको पन्ध्रौं अधिवेशनको बैठकबाट भएका निर्णयहरुको संक्षिप्त व्यहोरा

| क्र.संख्या | निर्णय मिति | निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १ | २०८०-११-१४ | १ | आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु रकमान्तर, संशोधन तथा थपघट र नया योजनाहरु थपको लागि प्रस्तुत प्रस्ताव स्वीकृत |
| | | २ | रकमान्तर तथा समायोजन भएका, साविकका योजना तथा कार्यक्रममा रकम थप भएका र नया थप भएका योजना तथा कार्यक्रमहरुलाइ स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा उपयुक्त खर्च शीर्षकमा प्रविष्टि तथा संसोधन गरी बजेट व्यवस्थापन गर्न प्र.प्र.अ.लाई अधिकार प्रत्योजन गर्ने |
| | | ३ | भिमाद नगरपालिकाको नगर प्रहरी विधेयक, २०८०, भिमाद नगरपालिकाको फोहोरमैला व्यवस्थापन विधेयक, २०८०, भिमाद नगरपालिकाको खेलकुद विकास विधेयक, २०८०, भिमाद नगरपालिकाको वन व्यवस्थापन सम्वन्धी विधेयक, २०८० र भिमाद नगरपालिका सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन सम्वन्धी विधेयक, २०८० स्वीकृत गर्ने |
| | | ४ | चालू आर्थिक वर्ष २०८०/०८१ मा हालसम्म नगर कार्यपालिकाको १४ वटा बैठकमा सर्वसम्मतीबाट भएका प्रशासनिक/नीतिगत निर्णय, योजना तथा कार्यक्रम रकमान्तर, संशोधन र बजेट बाडफाँड लगायतका सम्पूर्ण निर्णयहरु सर्वसम्मतीले अनुमोदन गर्ने |
| | | ५ | आर्थिक वर्ष २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) बाट प्राप्त ६४.७५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) बाट प्राप्त ७९ अंक अनुमोदन गर्ने |
| | | ६ | मिति २०८० साल श्रावण २४ गते (अगस्ट ९, २०२३) "२९ औं विश्व आदिवासी (जनजाति) दिवश" र २०८० साल फागुन १५ गते ४२ औं मगर दिवशमा दिइएको स्थानीय विदा अनुमोदन गरी प्रत्येक वर्ष उक्त दुवै दिवशहरुमा स्थानीय सार्वजनिक विदा दिने |
| | | ७ | पाचौं नगर सभाको मिति २०७६/०३/१६ गतेको निर्णय नं. ४ अनुसार यस नगरपालिकाको लागि स्वीकृत अस्थायी दरवन्दीमा कार्यालय सहयोगीको १ दरवन्दी थप गर्ने |
| | | ८ | START UP भिमाद कृषि परियोजना (कृषि उपजको उत्पादन संकलन तथा बजारीकरण) कार्यान्वयन गर्ने |
| | | ९ | आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत योजना तथा कार्यक्रम मध्ये मिति २०८०/१०/२९ गते सम्म सम्पन्न भएका सवै योजनाहरु फरफारक गरी मिति २०८०/१०/२९ गते सम्म भएको भूक्तानीको समर्थन गर्ने |
| | | १० | वडा नं. ९ स्थित भिम भैरब मोटरमार्ग योजना प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको बजेटबाट नाली सरसफाई गर्ने गरी योजना स्वीकृत गर्ने |
| | | ११ | भू उपयोग ऐन, २०७६ र सोही नियमावली, २०७९ अनुसार यस नगरपालिकाको भू उपयोगको क्षेत्र वर्गीकरण गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएकोमा विभिन्न व्यक्तिहरुले आफ्नो जग्गाको भू उपयोग क्षेत्र परिवर्तन गरिदिन २०८० पुष मसान्त भित्र परेका निवेदनहरुको भूउपयोग क्षेत्र परिवर्तनको सिफारिस गर्ने |
| | | १२ | निर्माणाधिन रहेका यस नगरपालिकाको स्रोतबाट संचालन गर्न असम्भव भएका नगर गौरबको रुपमा रहेका अत्यावश्यक योजनाहरु कार्यान्वयन गर्नको लागि आर्थिक वर्ष २०८१/०८२ मा आवश्यक बजेट विनियोजन गरिदिन सम्वन्धित निकायमा सिफारिस गर्ने |

पदमराज सेन ठकुरी
नगर प्रवक्ता

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल